# वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

# SEROPHERO

अंक २०७९।०८०।०२ २०७९ भाद्र


| Statement of patients flow for the month of Shrawan 2079 | |
|---|---|
| **OPD** | **No. of patient** |
| General Practice & Emergency Medicine | **3124** |
| **Special OPD** | |
| Pediatrics & Adolescent Medicine | 3381 |
| Internal Medicine | 7568 |
| Obstetrics & Gynaecology | 5680 |
| General Surgery | 5295 |
| Cardiology | 2036 |
| Gastroenterology & Hepatology | 980 |
| Pulmonary, Critical Care & Sleep Medicine | 599 |
| Dental | 2739 |
| Dermatology & Venerology | 4182 |
| Otorhinolaryngology and Head & Neck Surgery | 3573 |
| Ophthalmology | 1605 |
| Orthopedics | 5986 |
| Psychiatry | 1802 |
| Unspecified in MIDAS | 1239 |
| | **49800** |
| **Emergency** | |
| Central | 3775 |
| Obstetrics & Gynecology | 1728 |
| Pediatrics | 1846 |
| | **7348** |
| **Grand Total: 60272** | |
| Paying | 3232 |
| Nepal Govt. Social Insurance | 25300 |
| Other different Schemes | 28618 |
| **Ward (IPD)** | **4086** |
| **ICU/CCU/DICU/SICU** | **126** |
| **NICU/PICU/MICU/Nursery** | **114** |
| **Dialysis** | **979** |
| ***Source: Medical Record Section*** | |

## प्रतिष्ठानमा पदाधिकारीहरुको नियुक्ती, सपथ तथा पदबहाली



वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालिन रजिष्ट्रार प्रा.डा. मोहनचन्द्र रेग्मीको राजिनामा पश्चात रिक्त रहेको उक्त पदमा प्रा. डा.सूर्यप्रसाद संग्रौला नियुक्त हुनु भएको छ । वहाँले अर्थशास्त्र विषयमा विद्यावारिधीको उपाधी हासिल गरी प्राध्यापकको रुपमा श्री महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पसमा अध्यापन गर्नुका साथै पूर्वाञ्चल विश्वविद्यालयको परीक्षा नियन्त्रकको जिम्मेवारी समेत सम्हाली सक्नुभएको छ ।



साथै, अस्पताल निर्देशक पदबाट प्रा.डा. गौरीशंकर शाहले आफ्नो कार्यकाल पुरा गरे पश्चात रिक्त रहेको उक्त पदमा प्रतिष्ठानको एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागका एसोसिएट प्रोफेसर डा.जगत नारायण प्रसाद नियुक्त हुनु भएको छ । डा. प्रसादले यसभन्दा अघि डेपुटी अस्पताल निर्देशकको कार्यभार सम्हाल्दै आउनु भएको थियो ।

त्यसैगरी जेनेरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन विभागका प्रमुख प्रा.डा.ज्ञानेन्द्र बहादुर मल्ल तथा प्याथोलोजी विभागकी प्रमुख प्रा.डा.स्मृती कार्की कार्यकारिणी सदस्यमा मनोनित हुनुभएको छ । वहाँहरुको कार्यकाल २ वर्षको रहने छ ।



प्रतिष्ठानका विभागिय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख, शिक्षक तथा कर्मचारीहरुको उपस्थितीमा नवनियुक्त पदाधिकारीहरु तथा कार्यकारिणी सदस्यहरुलाई अडिटोरियम हलमा मिति २०७९ श्रावण १७ गते आयोजित

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम तथा स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरूको Soft copy पठाउदा Kantipur Font मा पठाई दिनुहन पनि अनुरोध गर्दछौं ।

- **सूचना तथा सन्चार केन्द्र**

कार्यक्रममा उपकूलपति डा.ज्ञानेन्द्र गिरीले पद तथा गोपनियताको सपथ ग्रहण गराउनुका साथै शिक्षाध्यक्ष प्रा.डा.गुरुप्रसाद खनाल समेतले नवनियुक्त पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्यहरुलाई स्वागत गर्दै कार्यकालको सफलताको शुभकामना दिनुभयो । नवनियुक्त रजिष्ट्रार तथा अस्पताल निर्देशकबाट धन्यवाद ज्ञापन सहित प्रतिष्ठानको हितमा सदैव कार्य गर्ने प्रतिबद्धता जाहेर गर्दै त्यसका लागि सम्पूर्ण प्रतिष्ठान परिवार तथा सरोकारवालहरुको साथ सहयोग रहने अपेक्षा व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रम पश्चात प्रतिष्ठानका उपकूलपतिले नवनियुक्त रजिष्ट्रार एवं अस्पताल निर्देशकको आ-आफ्नो कक्षमा पदस्थापना गराउनु भयो । वहाँहरुको कार्यकाल ५ वर्षको हुनेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिमा सह-सचिव इन्द्रमणी पोखरेललाई तोकिए पश्चात प्रतिष्ठानको कार्यकारीणी समितिले पूर्णता पाएको छ ।

## प्रतिष्ठानको व्यवस्थापन लेखापरीक्षण प्रतिवेदन हस्तान्तरण



वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको व्यवस्थापकीय कार्यलाई समय सापेक्ष प्रभावकारी, परिणाममुखी बनाउने उद्देश्यले यसका स्कूल/कलेज/विभाग/महाशाखा/शाखाहरु को काम कर्त्तव्य, अधिकार र जनशक्ति प्रक्षेपण तय गर्न व्यवस्थापन लेखापरीक्षण (Management Audit) सम्बन्धी प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (Nepal Administrative Staff College) ले २०७९ श्रावण २२ गते बुझाएको छ ।

प्रतिष्ठानको उपकुलपति कार्यालयमा आयोजित प्रतिवेदन हस्तान्तरण कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष, रजिष्ट्रार, अस्पताल निर्देशक, सहायक अस्पताल निर्देशकहरु, उपकुलपति सचिवालयका अधिकृत गौरव सञ्जेलका साथै उक्त प्रशिक्षण प्रतिष्ठानका तर्फबाट प्रतिवेदन टोली सदस्य राजेन्द्र अधिकारी, प्रमोद निरौला र दामोदर बस्यालको उपस्थितीमा प्रतिष्ठानका उपकूलपतिलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ निर्देशक एवम् प्रतिवेदन टोली प्रमुख श्री बसन्तराज सिग्देलले प्रतिवेदन हस्तान्तरण गर्नु भएको थियो ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आफ्नो प्रतिवेदनमा यस प्रतिष्ठानको संस्थागत सुशासन र व्यवस्थापकीय अभ्यासको जाँच र कार्य सम्पादन अन्तरको निदान गरी संस्थागत सुधारका लागि अपनाउनु पर्ने भावी रणनीतिको आवश्यकताहरुको सिफारिश गरेको छ । उक्त प्रशिक्षण प्रतिष्ठानबाट आएका टोलीका प्रतिनिधीहरुले प्रतिवेदनमा समावेश गरेका दृष्टिकोण, निश्कर्ष, सिफारिश एवम् प्रतिवेदनको नतिजा सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो । वरिष्ठ निर्देशक सिग्देलले व्यवस्थापन लेखापरीक्षण कार्यको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानलाई जिम्मा दिएकोमा धन्यवाद ज्ञापन गर्दै सदैव सहयोग गर्न तत्पर रहेको प्रतिवद्धता जाहेर गर्नु भयो।

## प्रतिष्ठानमा संचालित Elective Posting कार्यक्रमः एक झलक

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सन् २००९ देखि विभिन्न देशका मेडिकल कलेजहरुमा स्नातक तह (Under graduate) मा अध्ययनरत विद्यार्थीहरु Elective Posting कार्यक्रम अन्तर्गत अध्ययन गर्न आउने गरेका छन् । प्रतिष्ठानको विभिन्न विभागहरुमा Elective Posting गरी थप ज्ञान र सिप हासिल गर्न चाहने विद्यार्थीहरुलाई सम्बन्धित विभागको स्वीकृति तथा सम्बन्धित कलेजको सिफारिशको आवश्यकता पर्दछ । हालसम्म नेदरल्याण्ड, स्विट्जरल्याण्ड, नर्वे, अष्ट्रेलिया, यूनाइटेड किङ्गडम, अमेरिका, डेनमार्क, जर्मनी, बेल्जियम, स्विडेन, स्पेन, क्यानाडा आदि देशहरुबाट २९४ जना विदेशी विद्यार्थीहरुले प्रतिष्ठानमा आई आफ्नो Elective Posting सम्पन्न गरिसकेका छन् ।

## प्रतिष्ठानमा स्नातक तह मिडवाइफरी कार्यक्रम : एक परिचय

प्रतिष्ठानमा गत वर्ष देखि मिडवाइफरी विषयको स्नातक तहको ३ वर्षे शैक्षिक कार्यक्रम संचालनमा आएको छ । नेपालका सन्दर्भमा उक्त शैक्षिक कार्यक्रम मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाहरुको विकासका सन्दर्भमा अर्को एउटा फड्कोको रुपमा लिन सकिन्छ । वर्तमान परिप्रेक्ष्यमा देशलाई ग्रामिण तथा शहरी दुवै क्षेत्रहरुमा गुणस्तरिय मातृत्व हेरचाहका लागि दक्ष जनशक्तिको आवश्यकता रहेको छ । अन्तर्राष्ट्रिय स्तरमा दक्ष मिडवाइफरी हेरचाहले आमा र शिशु दुवैको मृत्युदर घटाउँछ भने जन्मदर परिणाममा समेत सकारात्मक प्रभाव पार्दछ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र United Nations Population Fund (UNFPA) 2011 को संयुक्त सहयोगमा बनेको मिडवाइफरी स्नातक पाठ्यक्रम हाल नेपालमा प्रतिष्ठान लगायत अन्य ३ शिक्षण संस्थानहरुमा पढाइन्छ । यो कार्यक्रम International Confederation of Midwife (ICM) को अन्तर्राष्ट्रिय मापदण्डहरुसँग मिल्दोजुल्दो छ र यसमा Skilled Birth Attendant (SBA) तालिमको मुख्य दक्षताहरु समाविष्ट गरिएको छ ।

यस शैक्षिक कार्यक्रममा भर्नाका लागि प्रमाणपत्र तह नर्सिङ्ग उत्तिर्ण गरी २ वर्षको कार्यानुभवको आवश्यकता पर्दछ। प्रतिष्ठानमा यस कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष २० जना विद्यार्थीहरुले अध्ययन गर्ने अवसर पाउँछन् । गत अगष्ट १७ देखि प्रतिष्ठानमा दोश्रो ब्याचको शिक्षण शुरु भएको छ ।

## अस्पताल सेवा शुल्क परिमार्जन

प्रतिष्ठानको अस्पतालबाट उपलब्ध विभिन्न सेवाहरुको शुल्क सम्बन्धी दररेटमा समयसापेक्ष परिमार्जन गर्न गठित कार्यदले सम्बन्धित विभागहरुबाट प्राप्त राय सुझाव एवम् सिफारिश वमोजिम पेश गरिएको प्रतिवेदन अनुसार नयाँ दररेट मिति २०७९/०५/०१ गते देखि लागू गरिएको छ । नयाँ दररेट सम्बन्धी विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.bpkihs.edu मा हेर्न सकिने छ ।

## नर्सिङ्ग अफिसर स्व. आशा सुब्बामा श्रद्धासुमन अर्पण



**(जन्मः २०१८/६/२ मृत्युः २०७९/३/३०)**

सुनसरी जिल्ला, धरान उपमहानगरपालिकामा जन्मनु भई विगत २४ वर्षदेखि यस प्रतिष्ठानको स्थायी सेवामा सेवारत आशा सुब्बाको असामयिक निधन भएकामा प्रतिष्ठान परिवार यस दुःखद घडीमा शोक सन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गर्नुका साथै वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछ ।

## निवर्तमान उपकुलपति स्व.प्रा.डा.राजकुमार रौनियारमा श्रद्धासुमन अर्पण



**(जन्मः वि.सं.२०२१/७/२३ मृत्युः वि.सं.२०७९/४/३)**

स्व.प्रा.डा.राजकुमार रौनियारको सूनसरी जिल्ला दुहबीमा बुवा ईश्वर दयाल रौनियार र आमा मानकी देवी रौनियारको कान्छो छोराको रुपमा जन्म भएको थियो । माध्यामिक तहको शिक्षा श्री सरस्वती मा.वि., दुहबीमा पुरा गरी महेन्द्र मोरङ्ग बहुमुखी क्याम्पस, विराटनगरबाट आई.एस्सी. प्रथम श्रेणीमा उत्तिर्ण वहाँले भारतका यूनिभर्सिटी अफ केरलाबाट एम.बी.बी.एस. मा गोल्ड मेडल हासिल गर्नु भएको थियो । अल इन्डिया इन्स्टिट्यूट अफ मेडिकल साइन्स (AIIMS) बाट रेडियो डाइग्नोसिस विषयमा स्नाकोत्तर उत्तिर्ण गर्नु भए पश्चात वहाँले वि.सं. २०५० सालदेखि प्रतिष्ठानमा सिनियर रेसिडेन्ट पदमा सेवा प्रवेश गर्नुभएको थियो । रेडियोलोजी विभागका प्रमुखको जिम्मेवारी समेत सम्हाली सकेका वहाँले Radiolocal Society of SAARC Countries र Nepal Radiologist Association का अध्यक्ष पद समेत सम्हाल्नु भएको थियो । वहाँले यस प्रतिष्ठानको उपकूलपतिको गरिमामय पदमा मिति २०७३।११।२२ गते देखि जिम्मेवारी वहन गर्नु भएको थियो ।

आफ्नो सम्पूर्ण जीवन शिक्षा र स्वास्थ्य सेवामा समर्पण गर्नु भएका वहाँ अध्यापन गर्ने विशिष्ट शैलीका कारण विद्यार्थीहरु माझ पनि अत्यन्तै लोकप्रिय हुनुहुन्थ्यो । वहाँले रेडियोलोजी विषयमा अनेकौ लेख तथा अनुसन्धानात्मक कृतिहरु प्रकाशन गर्नु भएको थियो भने विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्था तथा विश्वविद्यालयहरुबाट सम्मानित एवं पुरस्कृत हुनु भएको थियो । वहांले आफ्नो क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्माननिय राष्ट्रपतिद्वारा प्रदान गरिने सुप्रबल जनसेवा श्री पदकबाट समेत विभूषित हुनुभएको थियो । ५८ वर्षको उमेरमा वहाँको असामयिक निधन भएको दुःखद घडीमा शोक सन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दै वहाँप्रति प्रतिष्ठान परिवार भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछ ।

**Patients Care Record of Covid - 19 Hospital of BPKIHS (Month of Shrawan, 2079)**

***Total admission:*** 32 ***Total Discharge:*** 18 ***Total PCR Test:*** 556 ***Total Positive:*** 189 ***Total Follow up Positive:*** 41 ***Death:*** Nil

***Source: Covid Hospital***

**OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal**

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology (Eye)** | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha | Dr. Santosh Chaudhary | Dr. Bhuwan Govinda Shrestha | Prof. Dr. Poonam Lavaju | Dr. Bhuwan Govinda Shrestha |
| | Dr. Sangita Sah | Dr. Santosh Chaudhary | | Dr. Santosh Chaudhary | Dr. Sangita Sah | Dr. Santosh Chaudhary |
| **Psychiatry** | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rinku Gautam Joshi | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| **Orthopedics** | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel | Dr. Rajiv Maharjan | Dr. Roshan Prasad Shah Kalawar | Dr. Bishnu Pokharel |
| | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral | Dr. Amit Limbu | Dr. Ashish Pndey | Dr. Pramod Baral |
| | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Yam Bahadur Gurung | Dr. Amit Bikram Shah |
| **Internal Medicine** | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Dr. Sonia Dulal | Dr. Robin Maskey |
| | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Sonia Dulal | Dr. Bibek Kattel | Dr. Bhupendra Shah | Dr. Bibek Kattel |
| | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | | Dr. Prashant Mani Tripathi | |
| | Dr. Prashant Mani Tripathi | | | | | |
| **Cardiology** | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| **Gastroenterology & Hepatology** | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Denis Piyush | | | Dr. Denis Piyush | |
| **Pulmonary, Critical Care and Sleep Medicine** | | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | | | Dr. Deebya Raj Mishra | | | Dr. Deebya Raj Mishra |
| **General Surgery** | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta | Prof. Dr. Shailesh Adhikary | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki | Dr. Suresh Prasad Sah | Dr. Rikesh Jung Karki |
| | Dr. Kunal Bikram Deo | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah | Dr. Lokesh Shekhar Jaiswal | Dr. Rajesh Prasad Sah |
| | Dr. Sharada Khadka | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar | Dr. Bijay Sah | Dr. Abhijeet Kumar |
| | Dr. Rupesh Prasad Sah | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal | Dr. Kunal Bikram Deo | Dr. Alok Dahal |
| | Dr. Nirmal Prasad Sah | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal | Dr. Sarada Khadka | Dr. Bhawani Khanal |
| | Dr. Vijay Shrestha | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary | Dr. Rupesh Prasad Sah | Dr. Samir Chaudhary |
| | | | Dr. Nirmal Prasad Sah | | Dr. Nirmal Prasad Sah | |
| | | | Dr. Vijay Shrestha | | Dr. Vijay Shrestha | |
| **Otorhinolaryngology and Head & Neck Surgery (ENT)** | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Prof. Dr. Shyam Thapa | Dr. Deepak Paudel |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Shankar Prasad Sah | Dr. Paras Raj Amatya |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | | | Dr. Sudeep Mishra | |
| **Dertamatology & Venerology** | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| **General Practice & Emergency Medicine** | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| **Obstetrics &Gynaecology** | Prof. Dr. Mohan Chandra Regmi | Prof. Dr. Mohan Chandra Regmi | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Tulasa Basnet | Dr. Tulasa Basnet | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Sarita Sitaula | Dr. Sarita Sitaula |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manisha Chhetri | Dr. Manisha Chhetri | | |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dikshit) Thapa | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal | | | | |
| **Pediatrics & Adolescent Medicine** | Dr. Shyam Prasad Kafle | Dr. Shipra Chaudhary | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shankar Prasad Yadav | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | | Dr. Jitendra Thakur | | Dr. Jitendra Thakur | Dr. Mukesh Bhatta | Dr. Arun K. Singh |

***Source : Concerned Departments***

**Status of Operations done in Shrawan, 2079**

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 384 | 313 | 29 | 83 | 102 | 31 | **942** |
| Obst. & Gynae | 404 | 6 | 4 | 0 | 86 | 0 | **500** |
| Emergency | 119 | 0 | 31 | 0 | 11 | 0 | **161** |
| Day Care | 0 | 0 | 10 | 38 | 57 | 124 | **229** |
| Derma * | 75 | 9 | 496 | 58 | 262 | 43 | **943** |
| **Total** | **982** | **328** | **570** | **179** | **518** | **198** | **2775** |

**General OT : 2070** — ***Number of safe abortion care service done in Shrawan, 2079: 62***

**Paying OT: 705** — ***Number of cases done in Cardiac Catheterization Laboratory: 161***

**** 68 Asthetic procedures included in minor***

**सम्पादन समूह**

प्रा.डा.कृष्णा पोखरेल, प्रवक्ता
डा.चुरामणी पोखरेल, सह-प्रवक्ता
अमृतप्रसाद ढकाल, जनसम्पर्क सल्लाहकार
दिव्यराज थापा, शाखा अधिकृत
निरज पोखेल, सि.क्लर्क
सूचना तथा सञ्चार केन्द्र
फोन नं.:०२५-५२५५५५-४०००/२०९२
info.bpkihs@bpkihs.edu
spokesperson.bpkihs@bpkihs.edu